# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ५, संख्याः ३४, चैत्र २३ गते, २०७८ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगर फौहोर मैला व्यवस्थापन कार्यविधि २०७८

कार्यपालिकाबाट स्वीकृत मितिः २०७८।१२।७

**प्रस्तावनाः** व्यास नगरपालिका क्षेत्रमा बढ्दो शहरीकरणका कारण शहरी क्षेत्रमा तथा नगर भित्रका ग्रामिण क्षेत्र समेत फोहोर मैलाको उत्पादन तीव्र गतिमा बढोत्तरी भएको नगरवासीहरुलाई फोहोर व्यवस्थापन तथा  सरसफाई सम्बन्धी सचेतना अभिवृद्धि गर्न फोहोर मैला व्यवस्थापनमा नागरिक सामाजको संलग्नता स्थापित गर्न, फोहोर संकलनदेखि व्यवस्थापनसम्मका सबै कार्य सम्बन्धी जानकारी उपलब्ध गराउन, फोहोरको वर्गीकरण उपयुक्त र प्रभावकारी तवरले गर्न, अस्पतालजन्य  फोहोर र प्लाष्टिकजन्य फोहोरहरुको व्यवस्थापनमा सरलता ल्याउन, फोहोर व्यवस्थापनमा साझेदार संघ संस्थासँग सहकार्य गर्न फोहोर मैला व्यवस्थापन ऐन, २०६८ (संसोधित २०७५), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (७), १०२ (१), व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियामित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “व्यास नगर फोहोर मैला व्यवस्थापन कार्यविधि, २०७८” रहने छ ।

(२) यो कार्यविधि व्यास नगरपालिका नगर कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।
(ख) "कार्यपालिका" भन्नाले व्यास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।
(ग) "प्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।
(घ) "उपप्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ ।
(ङ) "सदस्य" भन्नाले व्यास नगरपालिकाको कार्यपालिका सदस्य सम्झनुपर्छ ।
(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।
(छ) "विषयगत शाखा" भन्नाले नगरपालिकाको कार्यविभाजन नियमावली बमोजिमको विषयगत शाखा सम्झनु पर्छ ।
(ज) "समिति" भन्नाले फोहोर मैला व्यवस्थापन समिति सम्झनु पर्छ ।
(झ) "कार्यविधि" भन्नाले फोहोर मैला व्यवस्थापन कार्यविधि, २०७८ सम्झनु पर्छ ।
(ञ) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।
(ट) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र फोहोर मैला व्यवस्थापन ऐन, २०६८ सम्झनु पर्छ ।
(ठ) "फोहोरमैला" भन्नाले घरेलु फोहोर मैला, औद्योगिक फोहोर मैला, रसायनिक फोहोर मैला, स्वास्थ्य संस्थाजन्य फोहोर मैला वा हानिकारक फोहोर मैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, गाडी मर्मत र गाडी धुलाईबाट निस्केका, तरकारी बजारबाट निस्केका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्याँस, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागी प्रयोग भएको सामग्री लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनधिकृत रुपमा सार्वजानिक स्थलमा टाँसिएका पोष्टर, पम्प्लेट र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहोर मैला भनी तोकिदिएको अन्य वस्तु समेत सम्झनु पर्छ ।
(ड) "हानिकारक फोहोर मैला" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानिनोक्सानी पुऱ्याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ समेतलाई सम्झनु पर्छ ।
(ढ) "रसायनिक फोहोर मैला" भन्नाले यथास्थितमा प्रयोग हुन नसक्ने जुनसुकै श्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायतका जिवजन्तु एवं वातावरणमा प्रतिकूल असर पार्ने सम्पूर्ण रसायनिक पदार्थहरु र समय समयमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रसायनिक फोहोर मैला भनी तोकेको ठोस, तरल, धुलो, लेदो, ग्याँस लगायतका पदार्थ वा वस्तुलाई सम्झनु पर्छ
(ण) "स्वास्थ्य संस्थाजन्य फोहोर मैला" भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैंक, प्याथोलोजिकल प्रयोगशाला, पशु-स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काशन हुने हानिकारक फोहोर मैला सम्झनु पर्छ ।
(त) "कन्टेनर" भन्नाले फोहोर मैला संकलन गर्ने प्रयोजनका लागि निश्चित स्थानमा राखिएको फोहोर मैला थुपार्ने भाँडो, बाकस, बाल्टिन वा यस्तै प्रकारको अन्य कुनै वस्तु सम्झनु पर्छ र सो शब्दले कम्पोष्ट मल उत्पादन गर्न राखिएको भाँडो समेतलाई जनाउने छ ।
(थ) "प्रभावित क्षेत्र" भन्नाले फोहोर मैला व्यवस्थापनको प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा उल्लिखित क्षेत्र सम्झनु पर्छ ।

## परिच्छेद २

## निर्देशक समितिको गठन तथा काम, कर्तव्य र अधिकार

३. **समितिको गठनः** (१) नगरको फोहोर मैला व्यवस्थापन सम्बन्धी कार्य सुचारु एवं सुव्यवस्थित ढंगले सञ्चालन गर्न नगरपालिकामा देहाय अनुसारको समिति गठन गरिने छः

(क) प्रमुख -अध्यक्ष
(ख) उपप्रमुख -सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
(घ) कार्यपालिका सदस्य मध्ये १ महिला सहित ३ जना -सदस्य
(ङ) वन तथा वातावरण समिति संयोजक -सदस्य
(च) नगरपालिका शहरी पूर्वाधार विकास शाखा प्रमुख -सदस्य
(छ) स्थानीय उद्योग वाणिज्य संघका प्रतिनिधि -सदस्य
(ज) वातावरण संरक्षण तथा सरसफाईका क्षेत्रमा कार्यरत समितिले तोकेको गैर सरकारी संस्थाका प्रतिनिधि १ जना -सदस्य
(झ) समितिले तोकेको फोहोर मैला व्यवस्थापन गरिने (प्रभावित) क्षेत्रका बासिन्दा १ जना महिला सहित २ जना -सदस्य
(ञ) वातावरण तथा सरसफाई शाखा प्रमुख -सदस्य सचिव

(२) समितिको बैठक सामान्यतः महिनामा एक पटक बस्ने । अध्यक्षको आदेशले सदस्य सचिवले बैठक बोलाउने छ । आवश्यकता महशुस भएमा व्यवस्थापन समितिको बैठक जुनसुकै समयमा पनि बोलाउन सकिने छ ।

(३) समितिको सम्पूर्ण सदस्य संख्याको कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गुणपूरक संख्या पुगेको मानिने छ । बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नु पर्नेछ ।

४. **समितिको काम,कर्तव्य र अधिकारः**

(क) फोहोर मैला व्यवस्थापनका लागी आवधिक तथा वार्षिक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन मूयाङ्कन र समिक्षा गर्ने ।
(ख) फोहोर मैला व्यवस्थापन तथा पूर्ण सरसफाई कार्यका लागि अभियान र चेतानामूलक कार्यक्रम तर्जुमा गर्ने ।
(ग) वातावरण संरक्षण ऐन र नियमले दिएका अधिकार प्रयोग गरी आवश्यक कार्य गर्ने ।
(घ) नगरपालिका क्षेत्रलाई पूर्ण सरसफाइयुक्त क्षेत्र बनाउन वडास्तर र नगरस्तरबाट आवश्यक बजेटको व्यवस्थापन गर्न पहल गर्ने ।
(ङ) फोहोरलाई श्रोत मै वर्गीकरण गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गर्ने ।
(च) वर्गीकृत फोहोर मध्ये अर्ग्यानिक फोहोरबाट कम्पोष्ट मल, प्लाष्टिकजन्य फोहोरबाट हस्तकला सामग्री तथा अन्य प्रकृतिका फोहोरलाई तीन आर (3R=Reduse, Resuse and Recycle) को अवधारण अनुसार व्यवस्थापन गर्ने ।
(छ) फोहोर व्यवस्थापनमा क्रमशः स्यानिटरी ल्याण्डफिलको अवधारण अनुसार कार्य गर्ने ।
(ज) ल्याण्डफिल साइट निश्चित समयपछि भरिने हुदाँ भरिएका साइटहरुलाई पार्क, उद्यान, गार्डेन आदिका रुपमा विकास गर्ने तथा वैकल्पिक ल्याण्डफिल साइटहरुको खोजी गरी तिनीहरुको सम्भावनाको अध्ययन गर्ने ।

(झ) फोहोर व्यवस्थापनमा गैरसरकारी संस्थाहरु, निजी क्षेत्र र समुदायहरुको संलग्नता बढाउन आवश्यक नीति तय गर्ने ।
(ञ) ल्याण्डफिल साइटको प्रभावित क्षेत्रका बासिन्दाको लागि विशेष कार्यक्रम सञ्चालन गर्ने, श्रोतको व्यवस्थापन गर्ने ।
(ट) फोहोर मैला व्यवस्थापनका लागी आवश्यक पर्ने स्रोत, साधन र जनशक्ति व्यवस्था गर्ने ।
(ठ) फोहोर मैला व्यवस्थापन तथा सरसफाईमा लगाइएको शुल्कको समीक्षा गर्दै त्यसमा समयोचित पुनरवालोकन गर्न राजश्व परामर्श समितिलाई राय दिने ।
(ड) ल्याडफिल साइटलाई प्रदूषणशून्य बनाउने, त्यसका नकारात्मक प्रभावहरुलाई न्यूनीकरण गर्न आवश्यक व्यवस्था मिलाउने ।
(ढ) जैविक फोहारबाट उर्जा, कम्पोष्ट बायोग्याँस एवं मल बनाउने तथा प्लाष्टिक, धातु आदिलाई पुनः प्रयोग गर्न आवश्यक व्यवस्था गर्ने ।
(ण) फोहोर मैला व्यवस्थापन तथा सरसफाइमा प्रचलित ऐन, कानुन तथा निर्देशिकाले तोकेको मापदण्ड पालना नगर्ने उपर आवश्यक कारबाहीका लागि निर्देशन गर्ने ।
(त) फोहोर मैला व्यवस्थापनमा प्रभावकारिता ल्याउन विषयगत समितिको गठन गर्ने ।
(थ) फोहोर संकलन र व्यवस्थापन सेवा क्षेत्र विस्तार तथा सेवा प्रवाहमा सुधारका लागि आवश्यक कार्य गर्ने ।
(द) फोहोरबाट जनस्वास्थ्यमा पर्न सक्ने नकारत्मक असर न्यूनीकरणका लागि उपायहरुको खोजी गरी आवश्यक श्रोत व्यवस्थापन गर्ने ।
(ध) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बाट प्रदत्त वातावरणसँग संम्बन्धित अधिकारहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।
(न) नेपाल सरकारको स्वीकृत लिई फोहोर मैला व्यवस्थापन सम्बन्धी काम गर्ने विभिन्न राष्ट्रिय/अन्तराष्ट्रिया संघ, संस्थाहरुसँग समन्वय कायम गर्ने ।
(प) फोहोर मैला व्यवस्थापन सम्बन्धी काम गर्ने जनशक्तिको व्यवस्थापन गर्न वडा तहसँग समन्वय गर्ने ।

५. **फोहोर मैला कम उत्पादन गर्ने:** (१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोवार गर्दा सकभर कमभन्दा कम फोहोर उत्पादन हुने गरी काम गर्नु पर्दछ ।

(२) आफ्नो क्षेत्रभित्र बिर्सजन हुन सक्ने फोहोर मैला बिर्सजन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहोर मैला मात्र निष्काशन गरी फोहोर मैलाको परिमाणलाई घटाउने प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

**स्पष्टीकरण:** आफ्नो क्षेत्र भन्नाले निजी घर कम्पाउड, औद्योगिक क्षेत्रको परिशर, अस्पताल वा स्वास्थ्य संस्थाको परिशर, औद्योगिक प्रतिष्ठानको परिशर लगायत फोहोर मैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिशरलाई सम्झनु पर्छ ।

६. **फोहोर मैलाको पृथकीकरण:** (१) नगरपालिकाले फोहोर मैलालाई कम्तिमा जैविक र अजैविक लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोत मै छुट्याउने गरी तोक्ने छ । जसको अनुसूची १ मा पृथकीकरणको नमूना रहेको छ ।

(२) उपनियम (१) बमोजिम नगरपालिकाले तोकिदिए अनुसार फोहोर मैलालाई स्रोत मै छुट्याई सङ्कलन केन्द्रसम्म पुऱ्याउने दायित्व त्यस्तो फोहोर मैला उत्पादन गर्ने व्यक्ति, संस्था वा

निकायको हुनेछ र यसको लागि नगरपालिकासँग भएको प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन समन्वय गरेमा लाग्ने शुल्क लिई सहयोग गर्ने सक्नेछ ।

७. **फोहोर मैलाको निष्काशन:** (१) फोहोर मैला निष्काशनको समय, स्थान र तरिका नगरपालिका वा सम्बन्धित वडाले निर्धारण गरे बमोजिम हुनेछ । यसरी निर्धारण गर्दा सम्बन्धित टोल विकास संस्थासँग समन्वय गरिने छ ।

(२) हानिकारक फोहोर मैला वा रसायनिक फोहोर मैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहोर मैला तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

(३) हानिकारक फोहोर मैला वा रसायनिक फोहोर मैला सङ्कलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गरी पुनः प्रयोगमा आउने फोहोर मैलामा मिसाउन पाइने छैन ।

८. **सेवा शुल्क उठाउन सक्ने:** (१) नगरपालिका वा सम्बन्धित वडाले फोहोर मैला व्यवस्थापन गरे बापत नगरपालिकाको आर्थिक ऐन अनुसार सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउने छ ।

(२) उपदफा (१) बमोजिम शुल्कको निर्धारण फोहोर मैलाको परिमाण, तौल तथा प्रकृती र तोकिए बमोजिम अन्य कुराहरुको आधारमा नगरपालिका वा सम्बन्धित वडाले गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको शुल्क नागरपालिका वा सम्बन्धित वडा आफैले वा तोकेको संस्था वा निकाय मार्फत समेत उठाउन सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा १५ बमोजिम फोहोर मैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले नगरपालिका वा सम्बन्धित वडासँग भएको सहमतिको आधारमा फोहोर मैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ । तर तोकिए बमोजिमका विपन्न वर्गलाई सेवा शुल्कमा तोकिए बमोजिम छुट दिन सकिने छ ।

(५) यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहोर मैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी नगरपालिकाले सञ्चित कोषमा राखी सो रकम तोकिएको मापदण्डको अधिनमा रही फोहोर मैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहोर मैला स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नेछ ।

९. **सेवा विलम्बन वा अन्त्य गर्न सक्ने:** (१) नगरपालिकाको दफा ८ बमोजमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहोर मैला व्यवस्थापन सम्बन्धी र नगरपालिका वा सम्बन्धित वडाबाट उपलब्ध हुने विद्युत, टेलिफोन, जग्गाको कारोबार लगायत अन्य सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फोहोर मैला व्यवस्थापन गर्न फोहोर मैला व्यवस्थपन ऐन, २०६८ को दफा १५ बमोजिम जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले यस कार्यविधिको दफा ८ को उपदफा (४) बमोजिम सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहोर मैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ र यसरी सेवा निलम्बन वा अन्त्य गरिएमा सोको जनाकारी नगरपालिका वा सम्बन्धित वडामा दिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहोर मैलाको व्यवस्थापन सम्बन्धित घरधनी आफैले गर्नु पर्नेछ ।

(४) सेवाग्राहीले दफा ८ बमोजिम बुझाउनु पर्ने सेवा शुल्क नबुझाएमा निजको एकीकृत सम्पत्ति कर वा व्यवसाय कर खातामा प्रविष्ठि गरी सेवा शुल्क असुल गरिने छ ।

(५) सेवाग्राहीले दफा ८ बमोजिम बुझाउनु पर्ने शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिने छ ।

१०. **फाहोर मैला ढुवानी व्यवस्थापन:** (१) नगरपालिका भित्र उत्पादन भएको फोहोर मैलाको संकलन गरी व्यवस्थापन केन्द्रसम्म लैजानको लागी आवश्यक संकलन र ढुवानी गर्ने व्यवस्था नगरपालिकाले मिलाउने छ ।

तर नगरपालिकाले तोके बमोजिमको पृथ्कीकरण नगरिएको नगरवासीको फोहोरको संकलन र ढुवानी गर्नका लागी नगरपालिका बाध्य हुने छैन ।

(२) उपदफा (१) बमोजिमको फोहोर संकलन र ढुवानी गर्दा पृथक गरिएको फोहोर पृथकपृथक समय र मितिमा अलगअलग रुपमा गरिने छ ।

११. **फोहर मैला व्यवस्थापन केन्द्र:** (१) नगरपालिका भित्र उत्पादन हुने फोहोर मैलाको व्यवस्थापनका लागि आवश्यक पर्ने फोहोर मैला व्यवस्थापन केन्द्र नगरपालिका क्षेत्रभित्र रहेका उपयुक्त स्थानमा गर्ने व्यवस्था नगरपालिकाले मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम फोहोर मैला व्यवस्थापन लागि आवश्यक पर्ने जग्गा नगरपालिकाले खरिद गरेको वा भाडामा लिई व्यवस्था गर्न सक्नेछ ।

(३) नगपालिकाले उपदफा (१) बमोजिमको फोहोर मैला व्यवस्थापन केन्द्र नगर क्षेत्र व्यवस्थापन अनुसार एक वा एकभन्दा बढी स्थानमा तोक्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको फोहोर मैला व्यवस्थापन केन्द्रको व्यवस्था गर्दा सकेसम्म सम्बन्धित क्षेत्रमा बसोबास गर्ने नागरिक र वातावरणीय प्रभाव न्यूनीकरण गर्ने उपायको अवलम्बन गर्ने गरी व्यवस्थापन केन्द्रको व्यवस्थापन गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम तोकिएको फोहोर मैला व्यवस्थापन केन्द्रमा काम गर्ने जनशक्तिको नियुक्ति र फोहोर मैला व्यवस्थापन केन्द्रबाट हुने लाभको वितरण गर्दा सम्बन्धित क्षेत्रका बासिन्दा र क्षेत्रलाई पहिलो प्राथामिकता दिइने छ ।

(६) नगरपालिकाले उपदफा (१) बमोजिम फोहोर मैला व्यवस्थापन केन्द्रको व्यवस्थापन गर्दा आवश्यकता अनुसार संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा गर्न सकिने छ ।

(७) उपदफा (१) बमोजिम फहोर मैला केन्द्र वरिपरिको क्षेत्रमा वातावरणीय प्रभावलाई न्यूनीकरण गर्नका लागि मानव तथा पशुपन्छीको अनाधिकृत प्रवेश वा ढुङ्गा, गिट्टी, वालुवाको उत्खननलाई आवश्यकता अनुसार प्रतिबन्ध लगाउन सकिने छ ।

(८) उपदफ (१) बमेजिमको फोहोर मैला व्यवस्थापन केन्द्रको व्यवस्थापन लगायतका कार्य गर्नका लागी निजी क्षेत्रबाट माग भएमा वातावरणीय प्रभाव र प्रचालित कानुनको अधिनमा रही नगरपालिकाले अनुमति दिन सक्नेछ ।

(९) उपदफा (१) बमोजिम नगरपालिकाले तोकेको फोहार मैला व्यवस्थापन केन्द्रको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाई नगरपालिकाको आर्थिक क्षमताको आधारमा क्रमशः अगाडि बढाउने छ ।

(१०) उपदफा (१) बमोजिम नगरपालिकाले फोहोर मैला व्यवस्थापनको लागी तोकिएको स्थानमा फोहोर मैला व्यवस्थापन गर्दा सम्बन्धित क्षेत्रको बासिन्दहरुको आवश्यकता, सल्लाह, सुझाव, सहभागिता र समन्वयमा गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(११) उपदफा (१) बमोजिम तोकिएको फोहोर मैला व्यवस्थापन केन्द्रमा संकलन गरिएको फोहोर मैलाबाट वातावरणमा प्रतिकुल असर नपर्ने प्रविधिको प्रयोग गरी त्यस क्षेत्रमा आवश्यक दुर्गन्ध नफैलिने व्यवस्था रहने छ ।

तर निजी क्षेत्रलाई व्यवस्थापन केन्द्रको अनुमति दिएकोमा वातावरणीय मापदण्ड बमोजिम रहे नरहेको विषयमा नगरपालिकाले आवश्यकता अनुसार अनुगमन गर्नेछ ।

१२. **निजी क्षेत्रसँगको सहकार्यमा फोहोर मैलाको व्यवस्थापन गर्न सकिने:** (१) यस कार्यविधि बमोजिम उत्पादन हुने फोहोर पृथकीकरण गर्न, पृथकीकरण गरिएको फोहोर मैला संकलन गरी नगरपालिकाले तोके बमोजिमको व्यवस्थापन केन्द्रमा फोहोर लैजान, नगर सभाले तोके बमोजिम फोहोर मैला व्यवस्थापनका लागी आवश्यक जनचेतना लगायतका कार्यक्रमको संचालन निजी क्षेत्रसँगको सहकार्यमा गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम सहकार्य गर्दा कुन संस्थासँग के कति समयका लागि कुन कार्य के कसरी गर्ने लगायतका स्पष्ट शर्तहरु तयार गरी अनुसूची २ बमोजिम नगरपालिका र सम्बन्धित संस्थासँग सिधै सम्झौता गरी वा प्रतिस्पर्धाको आधारमा गर्न सकिने छ ।

१३. **फोहोर मैला बिक्री विवरण:** (१) नगरपालिकाले फोहोर व्यवस्थापन केन्द्रमा संकलन गरेको फोहोरलाई नियमित रुपमा बिक्री वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बिक्री वितरण गर्न फोहोरको वर्गीकरण गरी त्यसको न्यूनत्तम मुल्य नगरपालिकाद्वारा निर्धारण गरे बमोजिम हुनेछ ।

१४. **कसुर:** कसैले देहायको काम गरेमा प्रचलित नेपाल कानुन र यस कार्यविधि बमोजिम कसुर गरेको मानिने छ:

(क) नगरपालिका वा सम्बन्धित वडाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहोर मैला निष्काशन गर्ने ।

(ख) कण्टेनर वा फोहोर मैला सङ्कलन केन्द्रमा राखिएको फोहोर मैला अनधिकृत तवरले प्रयोग गर्ने ।

(ग) फोहोर मैला सङ्कलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने, क्षति पुऱ्याउने, राखिएको स्थानबाट हटाउने वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने ।

(घ) प्रचलित नेपाल कानून बमोजिम अनुमति नलिई फोहोर मैला व्यस्थापनको कार्य गर्ने ।

(ङ) प्रचलित नेपाल कानुन बमोजिम फोहोर मैला व्यवस्थापनको लागी प्रदान गरिएको अनुमति पत्रमा उल्लेखित शर्तहरु उल्लङ्घन गर्ने ।

(च) फोहोर मैला सङ्कलन केन्द्र, कण्टेनर वा फोहोर मैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने ।

(छ) घर, कम्पाउण्ड तथा परिशरको फोहोर मैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने फाल्ने, वा थुपार्ने ।

(ज) फोहोरबाट निस्केको दुषित पानी (लिचड) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदूषण गराउने ।

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहोर मैला सङ्कलन गर्न नगरपालिका वा सम्बन्धित वडाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाई राखेको साधन हटाउन इन्कार गर्ने ।

(ञ) नगरपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने गरी सडक वा अन्य अन्य सार्वजनिक संस्थामा कुनै पनि किसिमको हानिकारक फोहोर मैला राख्ने, फाल्ने, थुपार्ने वा निष्कासन गर्ने ।

(ट) रसायनिक फोहोर मैला, ओद्योगिक फोहोर मैला, स्वास्थ्य संस्थाजन्य फोहोर मैला वा हानिकारक फोहार मैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने ।

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहोर मैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ड) फोहोर मैला सङ्कलन, ढुवानी तथा फोहोर मैला व्यवस्थापनमा बाधा अवरोध सिजना गर्ने ।

(ढ) फोहोर मैला सङ्कलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहोर मैला व्यवस्थापन सम्बन्धी कार्यमा हड्ताल गर्ने ।

(ण) फोहोर मैला अत्यधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकाले नेपाल रापत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने ।

(त) प्रचालित नेपाल कानून विपरित रसायनिक विषादीको आयात गर्ने वा म्याद नाघेको, समयवधि सकिएको औषधी नष्ट गर्ने जिम्मेवारी पुरा नगर्ने,

(थ) स्रोत मै फोहोर मैलाको पृथकीकरण नगरी दफा ६ को विपरित फोहोर मैला मिसाएर निष्काशन गर्ने ।

(द) मरेको वा मारेको. पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजानिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।

(ध) पैदल तथा सार्वजनिक यातायातका यात्रुले जथाभावी फोहोर फाल्ने ।

(न) चुरोट तथा सुर्तीजन्य (पान, पुकार, गुट्का आदि) जस्ता वस्तुको फोहोर जथाभावी फाल्ने ।

१५. **सेवा, सुविधा तथा ऋण कारोवार रोक्का गर्न सकिनेः** (१) यस कार्यविधि बमोजिम तोकिएको सेवा शुल्क नबुझाउने अटेर व्यक्ति वा संस्थाको नगरपालिकाबाट उपलब्ध हुने कुनै सेवा सुविधाको अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिने तथा निजको नाममा घर जग्गा बिक्री वा कुनै बैंकबाट भइरहेको ऋण कारेवार रोक्का गर्नको लागी नगरपालिका वा सम्बन्धित वडाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ । तर यसरी लेखी पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित रुपमा जनाकारी दिइने छ ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

१६. **स्वास्थ्य संस्थाजन्य फोहोर मैलाको व्यवस्थापनः** (१) स्वास्थ्य संस्था स्थापना गर्नको लागि प्रचालित कानुन बमोजिम अनुमति दिने निकायले त्यस्तो स्वास्थ्य संस्था स्थापना तथा संचालनको लागी अनुमति दिनु पूर्व फोहोर मैला व्यवस्थापन सम्बन्धी उपयुक्त व्यवस्था गरे वा नगरेको यकिन गरी उपयुक्त व्यवस्था गरेको भएमा मात्र अनुमति दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति दिंदा स्वास्थ्य संस्थाले फोहोर मैला व्यवस्थापन सम्बन्धमा पालन गर्नु पर्ने विशेष शर्त वा कायम गर्नुपर्ने मापदण्ड समेत तोकिदिन सक्नेछ ।

१७. **रसायनिक विषादी सम्बन्धी व्यवस्थाः** (१) रसायनिक विषादीको आयात गर्दा तोकिए बमोजिम मापदण्डको अधिनमा रही गर्नु पर्नेछ ।

(२) समयावधि सकिएको रसायनिक विषादी तोकिएको मापदण्डको अधिनमा रही नष्ट गर्ने जिम्मेवारी सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ ।

**१८ फिल्ड हाजिर गर्ने:** (१) नगरपालिकाले फोहोर मैला व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन अनुसूची ३ बमोजिमको ढाँचामा वन तथा वातावरण तथा सरसफाई व्यवस्थापन शाखा प्रमुखले प्रत्येक दिनमा भए गरेको फोहोर मैला व्यवस्थापन कार्यको प्रतिवेदन स्थलगत निरीक्षण गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

**१९. सजाय:** (१) दफा १४ को खण्ड (क) बमोजिमको कसुर गर्ने व्यक्तिलाई नगरपालिकाले पहिलो पटक भए तीन हजार रुपैयाँसम्म जरिवाना, दोस्रो पटक सोही कसुर गरेमा तीन हजार रुपैयाँदेखि सात हजार रुपैयाँसम्म जरिवाना र फोहोर मैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असुल उपर गर्न सक्नेछ ।

(२) दफा १४ को खण्ड (ख) र (झ) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले पाँच सय रुपैयाँदेखि तीन हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(३) दफा १४ को खण्ड (ग) बमोजिमको कसुर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी कण्टेनर वा सङ्कलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असुल उपर गर्न सक्नेछ ।

.(४) दफा १४ को खण्ड (घ) र (ङ) बमोजिमको कसुर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी अनुमती नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउने छ ।

(५) दफा १४ को खण्ड (च) बमोजिमको कसुर गर्नेलाई नगरपालिकाले वा सम्बन्धित वाडले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेको भए त्यस्तो क्षति बापत रकम कसुरदारबाट असुल उपर गर्न सक्नेछ ।

(६) दफा १४ को खण्ड (छ), (ज) र (द) बमोजिमको कसुर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरीवना गर्न सक्नेछ ।

(७) दफा १४ को खण्ड (ञ) बमोजिमको कसुर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(८) दफा १४ को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसुर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले दश हजार रुपैयाँदेखि एक लाख हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र सोही कसुर पुनः गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानुन बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(९) दफा १४ को खण्ड (ड) र (ढ) बमोजिमको कसुर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सकिने छ ।

(१०) दफा १४ को खण्ड (ण) बमोजिमको कसुर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(११) दफा १४ को खण्ड (थ), (ध) र (न) बमोजिमको कसुर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले प्रत्येक पटक एक सय रुपैयाँ जरिवना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा प्रत्येक पटक एक सय वृद्धि गरी जरीवना गर्न सक्नेछ ।

२०. **पुरस्कार दिन सकिनेः** (१) फोहोर मैला व्यवस्थापनका लागी नवीनतम अवधारणाहरुको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहित गर्ने तथा फोहोर मैला व्यवस्थापन कार्यमा योगदान गर्ने व्यक्ति वा संस्थालाई नगरपालिका वा सम्बन्धित वडाले सम्मान स्वरुप उपयुक्त पुरस्कार दिन सक्नेछ ।

(२) यस कार्यविधिको प्रतिफल हुने गरी जथाभावी फोहोर मैला राख्ने, थुपार्ने वा फाल्ने व्यक्तिको बारेमा प्रमाण सहित उजुरी दिने व्यक्तिलाई समितिको सिफारिसमा नगरपालिका वा सम्बन्धित वडाले सम्मान एवं नगद पुरस्कार समेत दिन सक्नेछ ।

(३) उजुरी दिने व्यक्तिको नाम तथा ठेगाना गोप्य राखिने छ ।

२१. **बचाउः** व्यास नगरपालिकाले फोहोरमैला व्यवस्थापन सम्बन्धी यस अघि भए गरेका सबै कामहरु यसै कार्यविधि अन्तर्गत गरेको मानिने छ ।

२२. **खारेजः** व्यास नगरपालिका सरसफाई व्यवस्थापन केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७ खारेज गरिएको छ ।

अनुसुची १

(दफा ६ (१) सँग सम्बन्धित)

**फाहोर मैला वर्गीकरण नमूना**

| साधारण फोहोर मैला | | | हानिकारक फोहोर मैला | |
|---|---|---|---|---|
| जैविक | अजैविक | अन्य | स्वास्थ्य संस्थाजन्य | औद्योगिक |
| भान्सको फोहोर | प्लाष्टिक सामान | निर्माण सामग्रीजन्य | म्याद नाघेका औषधी | केमिकल |
| बचेको खाना | कार्ड बोर्ड पेपर | पशुपन्छीजन्य फोहोर | सिरिन्ज निडिल | विषालु ग्यास खरानी |
| कागज | प्यजिङ्ग पेपर | | धारिला हातहतियार | |
| तरकारी तथा फलफुलका बोक्रा | सिसा मेटल | मान्छेको कपाल | पञ्जा माक्स | हेभी मेटल मर्करी |
| पात पतिंगर, झारपात | जुत्ता चप्पल पुरानो कपडा | | काटिएका शरिरका अंग र रगत | रंग केमिकल फर्टीलाइजर |
| धुलो कसिंगर | | | | |

अनुसूची २

(दफा १२ (२) सँग सम्बन्धित)

<u>सम्झौताको नमूना</u>

व्यास नगरपालिका (यस पछि पहिलो पक्ष भनिने) र ................ संस्था/ समिति बिचमा (यस पछि दोस्रो पक्ष भनिने) व्यास नगरपालिकाको .......... देखि ........ सम्मको स्थापना उत्पादन हुने फोहोर मैलाको व्यवस्थापन देहायका शर्तहरुको अधिनमा रही गर्ने/गराउने गरी यो सम्झौता गरिएको छ ।

क. .......... स्थान देखि ............ स्थानसम्मको क्षेत्रमा उत्पादन हुने फोहोर मैलाको नगरपालिकाले तोके बमोजिम अलग अलग रुपमा छुटाई त्यसको घर घरमा व्यवस्थित रुपमा स्टोर गर्न लगाउने जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

ख. घर घरमा व्यवस्थित रुपमा जम्मा भएको फोहोर मैला फोहोर मैला व्यवस्थापन केन्द्रसम्म लैजानका लागि नगरपालिकाद्वारा व्यवस्था भएको टिपरमा राखी सम्बन्धित स्थानमा लैजाने कार्यमा सहयोग गर्ने दायित्व दोस्रो पक्षको हुनेछ ।

ग. शर्त नं. क र ख बमोजिमको कार्यका लागी आवयक पर्ने सामग्री उपलब्ध गराउने जिम्मेवारी पहिलो पक्षको हुनेछ ।

घ. व्यास नगर सभाबाट निर्णय भए अनुसारको फोहोर मैला व्यवस्थापन शुल्क उठाउने दायित्व दोस्रो पक्षको हुनेछ । यसरी उठाएको शुल्क मध्ये ...... प्रतिशत रकम सम्बन्धित क्षेत्रको स्थानमा फोहोर मैला व्यवस्थापन गर्ने कार्यमा खर्च गरी बाँकी ........ प्रतिशत रकम महिना समाप्त भएको सात दिन भित्र नगरपालिकामा दाखिला गर्ने दायित्व दोस्रो पक्षको हुनेछ ।

ङ. शर्त नं. घ अनुसारको ....... प्रतिशत रकम खाता खोली बैकमा जम्मा गर्ने र बैकमा जम्मा भएको संस्थाको पादाधिकारीहरुको संयुक्त हस्ताक्षरबाट खर्च गर्ने व्यवस्था मिलाउने जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

च. फोहोर मैला व्यवस्थापनका लागि नगरपालिकाले उपलब्ध गराएका सामग्रीको संरक्षण गर्ने जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

छ. सम्झौतामा उल्लेख भएका विषय सम्झौता अनुसार र उल्लेख नभएका विषय प्रचलित कानुन अनुसार हुनेछ ।

| **<u>संस्थाको तर्फबाट</u>** | **<u>नगरपालिकाको तर्फबाट</u>** |
|---|---|
| नामः ................. | नामः ................. |
| पदः ............... | पदः ............... |
| सम्पर्क नं.: ............ | सम्पर्क नं.: ............ |

अनुसूची ३

(दफा १८ (१) सँग सम्बन्धित)

मिति : ......। .....।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
व्यास नगरपालिका कार्यालय

विषयः **नगर सरसफाईको दैनिक प्रतिवेदन ।**

उपयुक्त सम्बन्धमा मिति ................. मा नगर सफाई कार्यको कर्मचारीहरुको हाजिरी प्रतिवेदन विवरण निम्नानुसार प्रस्तुत गरेको व्यहोरा सादर अनुरोध छ ।

<table>
<tr><td rowspan="3">सि. नं.</td><td rowspan="3">टोल</td><td rowspan="3">काम गर्ने स्वीपरको नाम</td><td colspan="2">बिहान ५:०० देखि ९:०० सफाई कार्यमा</td><td colspan="4">दिउँसो १ देखि ५ बजेसम्मको सफाई कार्यमा</td><td rowspan="3">कैफियत विशेष निर्देशन भएमा उल्लेख गर्ने)</td></tr>
<tr><td rowspan="2">झाडु</td><td rowspan="2"></td><td colspan="2">तोकिएको स्थानमा ढलको अवस्था</td><td colspan="2" rowspan="2">आएको</td></tr>
<tr><td colspan="2">सन्तोषजनक</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td colspan="2"></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td colspan="2"></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td colspan="2"></td><td></td></tr>
<tr><td></td><td>जम्मा गयल जना</td><td></td><td>मरेको पशु</td><td>संख्या</td><td></td><td colspan="3">प्राप्त भएका गुनासोहरु</td><td></td></tr>
<tr><td></td><td>जम्मा हाजिरी जना</td><td></td><td>मरेको कुकुर</td><td>संख्या</td><td>गुनासोको संक्षिप्त विवरण</td><td colspan="2">फोन नं.</td><td>नाम</td><td></td></tr>
<tr><td></td><td colspan="8">अन्य काममा लगाएको कर्मचारी संख्या विवरण</td><td></td></tr>
<tr><td></td><td>कामको विवरण</td><td>कर्मचारी संख्या</td><td>कामको विवरण</td><td>कर्मचारी संख्या</td><td></td><td colspan="2"></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td colspan="2"></td><td></td><td></td></tr>
</table>

तयार गर्नेः

चेक गर्नेः

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत